# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा र वित्त कम्पनी संघका पदाधिकारीहरूबीच जेठ ६ गते वित्त कम्पनीहरूको विविध पक्षमा बैंकको केन्द्रीय कार्यालयमा छलफल सम्पन्न भयो ।

उक्त अवसरमा संघले नेपाल राष्ट्र बैंकसमक्ष वित्त कम्पनीहरूका विद्यमान समस्या र सोको समाधानका लागि सुझाव समेटिएको ज्ञापनपत्र पेश गरेको थियो ।





छलफलका क्रममा वित्त कम्पनी संघका अध्यक्ष श्री रामशान्त श्रेष्ठले वित्त कम्पनीले पनि बैंक ग्यारेन्टी (bank guarantee) दिन र सहकारी संस्थाको बचत खाता खोल्न पाउनुपर्ने माग गर्दै शाखा खोल्ने सम्बन्धमा लचकदार नीति अपनाउन आग्रह गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसारको वैधानिक तरलता अनुपात (SLR) पर्याप्त उपकरण (instrument) उपलब्ध नभएको हुँदा गत चैतसम्ममा सो अनुपात कायम गर्न नसेकोको कारण वित्त कम्पनीहरूलाई लगाइएको हर्जाना मिनाहा गरिदिन प्रतिनिधि मण्डलले गभर्नरसमक्ष माग गरेको थियो ।

उक्त अवसरमा गभर्नर डा. खतिवडाले संघले उठाएका उपयुक्त विषयको सम्बोधन आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा गरिने कुरा व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय